सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २६४ ♦ २०८३ साल जेष्ठ २५ सोमवार ♦ 8 Jun 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## लागुऔषध नियन्त्रणमा सबैको सहकार्य आवश्यक



**खबर दर्पण समाचारदाता**

**जेठ २४ गते, जनकपुरधाम**

मधेश प्रदेश सरकारका वन तथा वातावरणमन्त्री शङ्करप्रसाद चौधरीले लागुऔषध दुर्व्यसनविरुद्धको अभियानमा सरकार दृढतापूर्वक लागिरहेको बताउँदै यसको नियन्त्रणका लागि सबै सरोकारवाला पक्षबीच एकता र सहकार्य आवश्यक रहेको बताउनुभएको छ।

नेपाल-भारत मैत्री युवा सङ्घद्वारा आइतबार जनकपुरधाममा आयोजित 'लागुऔषधविरुद्ध जनचेतना अभियान' कार्यक्रममा मन्त्री चौधरीले लागुऔषधको बढ्दो प्रयोग समाजका लागि गम्भीर चुनौती बन्दै गएको उल्लेख गर्नुभयो। विशेषगरी युवापुस्तामा यसको प्रभाव बढ्दै गएकाले सचेतना अभिवृद्धि र रोकथामका कार्यक्रमलाई थप प्रभावकारी बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो।

सङ्घका धनुषा अध्यक्ष बजरङ्ग यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वक्ताहरूले लागुऔषधको दुरुपयोगले सामाजिक, शैक्षिक तथा पारिवारिक क्षेत्रमा नकारात्मक असर पारिरहेको धारणा राख्दै यसको नियन्त्रणका लागि सरकारी निकाय, शैक्षिक संस्था, अभिभावक र समुदायबीच समन्वयात्मक प्रयास अपरिहार्य रहेको बताउनुभयो ।

उनीहरूले विद्यालय तहदेखि नै नियमित जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी विद्यार्थी तथा युवालाई लागुऔषधको दुर्व्यसनबाट जोगाउन आवश्यक रहेको उल्लेख गरे। साथै, लागुऔषधमुक्त समाज निर्माणका लागि यस्ता अभियान प्रभावकारी हुने विश्वास व्यक्त गर्दै समाजका हरेक तहमा सचेतना विस्तार गर्नुपर्ने आवश्यकता औंल्याए।

कार्यक्रममा सहभागी विद्यार्थी, शिक्षक तथा अन्य सरोकारवालाले पनि लागुऔषधविरुद्ध जनचेतना फैलाउने प्रतिबद्धता व्यक्त गरेका थिए। आयोजक संस्थाले आगामी दिनमा समेत समाजमा सकारात्मक सन्देश प्रवाह गर्दै लागुऔषध नियन्त्रणसम्बन्धी जनचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ।

कार्यक्रममा नेपाली कांग्रेस मधेश प्रदेश संसदीय दलका सचेतक तथा प्रदेशसभा सदस्य कुमरकान्त झा, प्रदेशसभा सदस्य एवं पूर्वमन्त्री शेषनारायण यादव, सङ्घका महासचिव कृष्ण सिंह, नयाँ मुस्कान सुधार केन्द्रका पदाधिकारी, विभिन्न विद्यालयका विद्यार्थी तथा शिक्षकहरूको सहभागिता रहेको थियो।

## आन्तरिक विवादले रास्वपा महोत्तरी र सर्लाही जिल्ला अधिवेशन स्थगित, धनुषामा पार्टी कार्यालयमा तालाबन्दी






**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**

**जेष्ठ २४ गते, महोत्तरी**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को महोत्तरी र सर्लाही जिल्ला अधिवेशन आन्तरिक विवादका कारण अनिश्चितकालका लागि स्थगित गरिएको छ। शनिबार जलेश्वरमा सुरु भएको अधिवेशनको दोस्रो दिनसम्म पनि विवादित पक्षहरूबीच सहमति हुन नसकेपछि अधिवेशन अर्को सूचना जारी नभएसम्मका लागि रोकिएको हो।

निर्वाचन संयोजक मनिषकुमार साहका अनुसार विवाद समाधानका लागि विभिन्न चरणमा छलफल तथा समन्वयको प्रयास भए पनि सहमति जुट्न नसकेपछि प्रतिनिधिहरूसँगको परामर्श र शान्ति-सुरक्षाको अवस्थालाई मध्यनजर गर्दै अधिवेशन स्थगित गर्ने निर्णय गरिएको हो।

उक्त निर्णयमा रास्वपाका केन्द्रीय सदस्य डा. नन्दन यादव, देवनारायण महतो, प्रतिनिधिसभा सदस्य प्रमोद महतो, निर्वाचन समिति सदस्य महेश पुर्वे, पूजा झालगायत नेताहरूको सहमति रहेको बताइएको छ।

त्यसैगरी (रास्वपा) सर्लाहीको जिल्ला अधिवेशन पनि स्थगित भएको छ। आइतबार निर्वाचन समितिले अर्को सूचना जारी नभएसम्मका लागि अधिवेशन स्थगित गरेको हो ।

जिल्ला निर्वाचन संयोजक डा. जयप्रकाश महतोले मतदाता नामावली, पालिका अधिवेशनसम्बन्धी कागजात तथा निर्वाचित प्रतिनिधिहरूको विवरण अद्यावधिक गर्ने कार्य पूरा नभएकाले निर्वाचन प्रक्रिया स्थगित गरिएको जानकारी दिए ।

उनका अनुसार, पालिका अधिवेशनका आवश्यक कागजातहरू अपूर्ण छन् । निर्वाचित प्रतिनिधिहरूको विवरण केन्द्रीय डिजिटल पोर्टलमा प्रविष्ट हुन बाँकी छ। प्रदेश अधिवेशन जेठ २८ गतेका लागि तय भएकाले त्यसअघि नै जिल्ला अधिवेशन सम्पन्न गर्ने तयारी गरिएको छ । वर्तमान जिल्ला सभापति तथा सभापति पदका उमेदवार समेत रहेका सरोज बानियाँले पार्टीको आधिकारिक डिजिटल पोर्टलमा विवरण अद्यावधिक गर्ने क्रममा प्रक्रियागत त्रुटि भएको बताए। सर्लाही जिल्ला अध्यक्ष पदका लागि वर्तमान सभापति वानियाँ, कृष्णनन्दन यादव लगायतले उमेदवारी घोषणा गरेका छन् ।

यसैबीच, धनुषा जिल्लामा पनि रास्वपाभित्रको आन्तरिक विवाद समाधान हुन सकेको छैन। जिल्ला अध्यक्ष लक्ष्मेश्वर यादवमाथि एकलौटी ढंगले पार्टी सञ्चालन गरेको आरोप लगाउँदै असन्तुष्ट समूहले शनिबार रातिदेखि पार्टी कार्यालयमा तालाबन्दी गरेको छ।


असन्तुष्ट पक्षले विवादको उचित समाधान नभएसम्म आन्दोलनका कार्यक्रमलाई अझ सशक्त बनाउने चेतावनी दिएको छ। यद्यपि, यस विषयमा पार्टीको आधिकारिक धारणा सार्वजनिक हुन बाँकी छ।

पार्टी स्रोतका अनुसार जिल्ला अधिवेशनसँग सम्बन्धित विवाद समाधानका लागि दुवै पक्षबीच छलफल र सहमतिको प्रयास जारी रहेको छ। यसअघि धनुषाका पाँच पालिकाको अधिवेशनका क्रममा पनि विवाद चर्किँदा कार्यकर्ताबीच हातहालाहालको अवस्था सिर्जना भएको थियो।

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प



✓फलेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# महोत्तरीमा धान रोपाइँ प्रभावित : मल,बीउ र सिँचाइ अभावले किसान संकटमा

**अजयकुमार साह**

**जेष्ठ २४ गते, बर्दिवास**



धान रोपाइँको मुख्य सिजन सुरु भएसँगै महोत्तरी जिल्लाका किसानहरू मल, गुणस्तरीय बीउ, सिँचाइ सुविधा तथा कृषि पूर्वाधारको अभावका कारण गम्भीर समस्यामा परेका छन्। आवश्यक कृषि सामग्री समयमै उपलब्ध नहुँदा खेतीपाती प्रभावित हुने र यस वर्ष धान उत्पादनमा उल्लेख्य गिरावट आउन सक्ने भन्दै किसानहरू चिन्तित बनेका छन्।

जिल्लाका औरही, गौशाला, बर्दिबास, बलवा, लोहारपट्टी, जलेश्वर, मटिहानीलगायत क्षेत्रमा किसानहरू धान रोपाइँ तथा नर्सरी तयारीमा व्यस्त रहेका छन्। तर रासायनिक मलको आपूर्ति सहज नहुँदा किसानहरू निजी बजारबाट चर्को मूल्यमा मल खरिद गर्न बाध्य भएका छन्।

सरकारी अनुदानमा उपलब्ध हुनुपर्ने युरिया तथा डीएपी मल पर्याप्त मात्रामा नपुग्दा बजार मा अभावसँगै मूल्यवृद्धि समेत देखिएको किसानहरूको भनाइ छ। त्यस्तै, गुणस्तरीय बीउको अभावले उत्पादन क्षमतामा प्रत्यक्ष असर पर्ने अवस्था सिर्जना भएको उनीहरूले बताएका छन्।

पर्याप्त वर्षा नहुनु, नहर प्रणालीबाट नियमित पानी आपूर्ति हुन नसक्नु, साथै विद्युत् आपूर्तिमा देखिएको अनियमितता र कम भोल्टेजका कारण बोरिङ तथा ट्युबवेल सञ्चालनसमेत प्रभावित भएका छन्। वैकल्पिक रूपमा डिजेल पम्पसेट प्रयोग गर्नुपर्ने बाध्यताले उत्पादन लागत उल्लेख्य रूपमा वृद्धि भएको किसानहरूको भनाइ छ। सिँचाइको मुख्य स्रोत अवरुद्ध हुँदा खेतमा लगाइएको बाली सुक्न थालेको र पानीको अभाव झनै गहिरिँदै गएको उनीहरूले बताएका छन्।



औरही नगरपालिका-२ का किसान दिनेश यादवले बढ्दो तापक्रमका कारण जमिनमा चिस्यान घट्दै जाँदा खेतीयोग्य जमिनमा लगाइएको बाली जोगाउन कठिन भइरहेको बताउनुभयो।

त्यस्तै, सोही वडाका अर्का किसान घनश्याम यादवले बन्द अवस्थामा रहेको डीप बोरिङप्रति सम्बन्धित निकायको गम्भीर उदासीनता देखिएको आरोप लगाउनुभयो। उहाँका अनुसार केही वर्षअघि सञ्चालनमा आएको उक्त डीप बोरिङ हाल किन बन्द भयो भन्ने विषयमा स्पष्ट जानकारी छैन।

उहाँले तीन तहका सरकारमध्ये नजिकको स्थानीय सरकारले समेत समस्या समाधानतर्फ ठोस पहल नगरेको गुनासो गर्नुभयो। "दिनप्रतिदिन तापक्रम बढ्दै गएको छ, खेतमा लगाइएको बाली सुक्न थालेको छ, तर डीप बोरिङ किन बन्द भयो भन्ने विषयमा खोजबिनसमेत भएको छैन," उहाँले भन्नुभयो।

यता, विद्युत् भोल्टेज कम हुने समस्याका कारण स्यालो ट्युबवेलसमेत सञ्चालन हुन नसकेको किसानहरूको गुनासो छ। कम भोल्टेज, सिँचाइ ट्रान्सफर्मरको अभाव तथा विद्युत् आपूर्तिमा देखिएका समस्याका कारण खेती प्रभावित भएको भन्दै महोत्तरीको गौशालास्थित नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्रमा किसान तथा सेवाग्राहीहरूले ज्ञापनपत्र समेत बुझाएका छन्।

शुक्रबार स्थानीय सेवाग्राहीको एक समूहले वितरण केन्द्रका प्रमुख उपप्रबन्धक उमेशप्रसाद यादवलाई ज्ञापनपत्र बुझाउँदै कृषि प्रयोजनका लागि आवश्यक विद्युत् सेवा सहज बनाउन माग गरेका हुन्।

ज्ञापनपत्रमा कम भोल्टेज र ट्रान्सफर्मर अभावका कारण किसानहरू खेतमा सिँचाइ गर्नबाट वञ्चित हुनुपरेको उल्लेख गरिएको छ। ज्ञापनपत्र बुझ्दै वितरण केन्द्र प्रमुख यादवले विद्युत् सेवाप्रति उठेका गुनासा र मागप्रति प्राधिकरण गम्भीर रहेको बताउनुभयो। उहाँले मागको चाप उच्च रहेकाले उपलब्ध स्रोत-साधन र प्राथमिकताका आधारमा समस्याहरू क्रमिक रूपमा समाधान गरिने जानकारी दिनुभयो।

जिल्लाका अन्य क्षेत्रहरू गौशाला, बर्दिबास, लोहारपट्टी, जलेश्वर, मटिहानी र बलवामा समेत मल, बीउ र सिँचाइको समस्या देखिएको छ। किसानका अनुसार समयमै आवश्यक कृषि सामग्री उपलब्ध नभए यस वर्ष धान उत्पादनमा ठूलो गिरावट आउने जोखिम बढेको छ।

कृषि ज्ञान केन्द्र महोत्तरीले जिल्लामा मल, बीउ र सिँचाइसम्बन्धी समस्या रहेको स्वीकार गर्दै सम्बन्धित निकायसँग समन्वय गरी आपूर्ति सहज बनाउन पहल भइरहेको जनाएको छ। कार्यालयका अनुसार उपलब्ध स्रोतको अधिकतम उपयोगका लागि किसानलाई प्राविधिक परामर्शसमेत प्रदान गरिँदै आएको छ।

त्यसैगरी, स्थानीय तहहरूले सिँचाइ पूर्वाधार सुधार, नहर व्यवस्थापन, विद्युत् आपूर्ति सुधार तथा बन्द डीप बोरिङ मर्मतका लागि आवश्यक प्रक्रिया अघि बढाइएको जनाएका छन्।

किसानहरूले समयमै रासायनिक मल उपलब्ध गराइनुपर्ने, गुणस्तरीय बीउको सहज वितरण सुनिश्चित गरिनुपर्ने, सिँचाइ सुविधा विस्तार गरिनुपर्ने तथा बन्द अवस्थामा रहेको डीप बोरिङ तत्काल मर्मत गरी सञ्चालनमा ल्याइनुपर्ने माग गरेका छन्।

धान रोपाइँको मुख्य समयमा देखिएको मल, बीउ, सिँचाइ तथा पूर्वाधार संकट तत्काल समाधान नभए यस वर्ष धान उत्पादनमा गम्भीर असर पर्ने चेतावनी किसानहरूले दिएका छन्। उनीहरूले सरकार तथा सम्बन्धित निकायलाई प्रभावकारी र तत्काल कदम चाल्न आग्रह गरेका छन्।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केबर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय बर्दिवास | ५५०६६८ |
| IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

| | |
|---|---|
| एम्बुलेन्स (सोसल वेलफेयर & रिसर्च सेन्टर) | ४१-५४०२३२ |
| महेन्द्रनगर,धनुषा | ९८४४०२४४५०/ ९८०४८२५८६० |
| एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१ ९८०४८१५१२६ |
| इलाका प्रहरी कार्यालय महेन्द्रनगर | ५४०१९९ |
| विद्युत प्राधिकरण महेन्द्रनगर | ५४०१६१ |

# चुनावपछि के गर्दै छन् थ्रेसहोल्ड बाहिर धकेलिएका दल ?

गत वर्ष फागुन २१ गते सम्पन्न आम निर्वाचनमा ५८ चुनाव चिह्नबाट ६४ राजनीतिक दलले समानुपातिकतर्फ भाग लिएका थिए। तीमध्ये ६ दलले मात्र ३ प्रतिशत संघीय थ्रेसहोल्ड कटाउँदै प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने अवसर पाए।

प्रतिनिधिसभामा प्रतिनिधित्व पाएका ६ दलले कुल ९१.६२ प्रतिशत जनमतको प्रतिनिधित्व गर्दछन्। रास्वपाले ४७.४८, नेपाली कांग्रेसले १६.२४, एमालेले १३.४४, नेकपाले ७.४९, श्रम संस्कृति पार्टीले ३.५६ र राप्रपाले ३.०५ प्रतिशतको प्रतिनिधित्व गर्दछन्।

बाँकी ५८ दल थ्रेसहोल्डभन्दा बाहिर छन्। यिनले ८.३८ प्रतिशत अर्थात् करिब ४ लाख २० हजार मतको प्रतिनिधित्व गर्दछन्। यो मत एकीकृत हुन सकेको भए वा थ्रेसहोल्डले नरोकको भए ९ सिटसम्म प्राप्त हुन सक्थ्यो।

अहिले प्रतिनिधित्व पाएका २ दल  श्रम संस्कृति पार्टी र राप्रपाले यसभन्दा कम मत मै प्रतिनिधित्व पाएका छन्। तसर्थ, थ्रेसहोल्डभन्दा बाहिर परेका दलहरू पनि  राजनीतिक प्रवृत्तिको एउटा पाटो तथा लोकतान्त्रिक साझेदार हुन्। यी दल चुनावपछि के गर्दै छन्, लोकतान्त्रिक चासोको एउटा पक्ष यो हुने नै भयो।

थ्रेसहोल्डभन्दा बाहिर परेकामध्ये सबैभन्दा धेरै मत प्राप्त गर्ने दल उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपाल हो। प्रतिनिधिसभामा प्रतिनिधित्वविहीन भए पनि यसको राष्ट्रियसभामा ३ सिट छ। तीन प्रदेश कोशी, मधेश र लुम्बिनीमा गरी ३० प्रदेशसभा सदस्य छन्। १००० बढी स्थानीय तहमा जनप्रतिनिधि छन्।

यो मधेश जनविद्रोहको नेतृत्वकर्ता मधेसी जनाधिकार फोरमको उत्तराधिकार दल हो।

निर्वाचनअघि यो दल अशोक राईको नेतृत्वमा विभाजित भएको थियो। त्यसबाट पनि एउटा समूह फुटेर राजेन्द्र श्रेष्ठको नेतृत्वमा नेपाली कम्युनिस्ट पार्टीतिर गयो। अर्को एक समूह मोहम्मद इस्तियाक राई र प्रदीप यादवको नेतृत्वमा एमाले प्रवेश गर्‍यो। रेणु यादवलगायतका नेता नेताहरू उपेन्द्र यादव नेतृत्वकै जसपामा फर्किए।

इस्तियाक राई बाँके-२ बाट एमाले टिकटमा निर्वाचित भए। तर, प्रदीप यादव भने पर्सा-१ बाट पराजित भए।

भर्खरै सर्वोच्च अदालतले पार्टी विभाजन बेलाको मुद्दामा उपेन्द्र यादवलाई जिताइ दिएको छ। सर्वोच्चको फैसलासँगै अशोक राई नेतृत्वको जसपाको दर्ता खारेजी भएको छ।

अदालतको फैसालपछि अशोक राईले फेसबुकमा लेखेका छन्–‘जसपाको दर्ता सर्वोच्च अदालतको फैसलाबाट बदर गरेको छ। यसले गर्दा विभिन्न पार्टीहरूसँग एकीकृत रुपमा नयाँ ढंगबाट अघि बढ्नका लागि बाटो खुलेको छ।’

गत निर्वाचनमा यो दल नागरिक उन्मुक्ति पार्टी, नेपालको चुनाव चिह्न जाँतो गठबन्धनमा सामेल थियो। यो गठबन्धन ६२ हजार ०६९ मतसहित १० औं स्थानमा थियो।

उपेन्द्र यादव समूह भने सर्वोच्च अदालतको फैसलाबाट उत्साहित छ। उसले राई समूहतिर लागेका नेता कार्यकर्तालाई फर्काउने प्रयास सुरु गरेको छ। राई समूहको दर्ता खारेजीपछि अलपत्र परेका जनप्रतिनिधिलाई स्पष्टीकरण सोध्ने, फर्किन चाहनेलाई अवसर दिने, नचाहनेलाई पद खारेजीको कारवाही गर्ने प्रक्रिया अघि बढाएको छ।

राई समूह फुटे पनि यादव समूहले महन्थ ठाकुर नेतृत्वको लोसपासँग एकीकरण गर्‍यो।

यो दल अहिले एकसाथ तीनवटा काम गरिरहेको छ। मधेश प्रदेशसभामा विपक्षी भूमिका, लोसपासँगको संगठनात्मक समायोजन र निर्वाचनमा पराजयको  समीक्षा।

राई समूहले आइतबारका लागि उपत्यकामा उपलब्ध केन्द्रीय समिति सदस्यको बैठक बोलाएको छ। यसअघि वैशाख १९-२० गते केन्द्रीय समितिको बैठक गरेको थियो। बैठकमा प्रस्तुत प्रतिवेदनअनुसार पार्टीमा ‘निराशा र पलायन’ छ। पार्टीका ११ पदाधिकारीमध्ये ९ जनाले पार्टी परित्याग गरिसकेका छन्।

जाँतो गठबन्धनको अर्को दल रेशम चौधरी संरक्षक रहेको नागरिक उन्मुक्ति पार्टी, नेपाल भने चुनावपछि रणभुल्ल छ। २०७९ को निर्वाचनमा थारु मतदाता बहुल निर्वाचन क्षेत्रबाट यो दलको आकस्मिक र लोभलाग्दो उदय भएको थियो।

टीकापुर जनविद्रोहका राजबन्दी रिहाइको मुद्दामा बनेको यो दल त्यसपछिका दिनमा आन्तरिक विवादमै फस्यो। रेशम चौधरी आम माफी पाएर रिहाइ त भए तर, पार्टीको वैधानिक नेता बन्न सकेनन्। पार्टी अध्यक्ष रंजिता श्रेष्ठ नेपाली कम्युनिस्ट पार्टीतिर लागिन्। रेशम-रंजिताको अन्तरक

विकल्प खोजे।

यसपटक पनि दाङ, बाँके, बर्दिया,

बहुल क्षेत्रबाट केही सिट हात

थियो। तर, परिणाम शून्य भयो।

पंक्ति राष्ट्रिय स्वतन्त्र पार्टीतिर ल

रेशम चौधरी अहिले अशोक राई

कि भन्ने सोचमा छ। तर, राई

मानेको छैन। चुनावी गठबन्धन




तीनवटै समूह एकअर्काबाट टाढिएका छन्।

जाँतो गठबन्धनको तेस्रो घटक राष्ट्रिय मुक्ति पार्टी शुक्रवारबाट केन्द्रीय कार्यकारिणी समितिको बैठक गरिरहेको छ। राजेन्द्र महतोको नेतृत्वमा रहेको यो दलमा पनि व्यापक निराशा छ। कतिपयले महतोको नेतृत्वमा अब पार्टी अघि बढ्न नसक्ने धारणा अघि सारेका छन्। तर, यसै गर्ने भन्ने रणनीति बन्न सकिरहेको छैन। मधेसकेन्द्रित दलहरूको एकता प्रयास गर्ने कि भन्ने विकल्पमा छलफल भइरहेको छ।

थ्रेसहोल्ड बाहिर परेको दोस्रो ठूलो दल कुलमान घिसिङ नेतृत्वको उज्यालो नेपाल पार्टी हो। यद्यपि, यसको भिन्नै समानुपातिक सूची थिएन। बाँसुरी चिह्न भएको राष्ट्रिय परिवर्तन पार्टीमार्फत चुनाव लडेको थियो। १ लाख ७२ हजार ४८९ मत पाएको थियो।

नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक हुँदा गरेका काम र निजी लोकप्रियताले कम्तीमा १६ लाख भोट आउने अपेक्षा घिसिङले गरेका थिए। अनपेक्षित चुनावी परिणमले घिसिङ आफैं छक्क परे। उनलाई कहाँ गल्ती भयो भनेर बुझ्न गाह्रो परेको छ।

समर्थकहरू भने घिसिङको सोझो र टेक्नोक्र्याट स्वभावको कारण राजनीतिक दाउपेज बुझ्न नसक्दा यो स्थिति भएको ठान्दछन्। जेन जी आन्दोलनपछि बेलैमा पार्टी खोल्नुको साटो मन्त्री खान तिर लाग्नु र हचुवाका भरमा रास्वपामा प्रवेश गरी फर्किनु नै उज्यालो नेपाल पार्टीको दुर्भाग्य भएको विश्लेषण त्यहाँ भइरहेको छ।

घिसिङले पार्टीभित्र आफ्ना गल्ती, कमजोरी स्वीकार गर्ने गरेका छन्। तर, नयाँ स्थितिमा कस्तो रणनीतिसहित अघि बढ्ने भन्ने कुरामा दल अझै रणभुल्ल छ। उज्यालो नेपाल र  चुनाव चिह्न चिमको निजी ब्रान्डिङले परिणाम दिन अब ग्राहो परेको छ।

तैपनि यो दल चुनावपछि नियमित गतिबिधि गरिरहेको छ। घिसिङले ‘रास्वपाको निलो क्रान्ति धेरै नटिक्ने, आफूहरूले हरित क्रान्ति गर्ने’ भन्दै समर्थकलाई उत्साहित गर्न खोजेका छन्।

घिसिङनिकट स्रोतका अनुसार समर्थकहरूको एउटा पंक्तिले उनलाई अझै रास्वपासँग पार्टी एकता गर्न दबाब दिइरहेको छ। तर, घिसिङ त्यसका लागि तयार छैनन्।

डा. सीके राउत नेतृत्वको जनमत पार्टीमा पनि चरम निराशा र भागदौड मच्चिएको छ। डा. राउतले अबदेखि आफू संसदीय निर्वाचन नलड्ने घोषणा गरेका छन्। पार्टीले पुनर्जीवनको प्रयासका लागि बालेन सरकारको विरोधलाई तीव्र पारेको छ। सोमबार माइतीघर मण्डलामा प्रदर्शन गर्ने कार्यक्रम राखेको छ।

आइतबार जनमत पार्टी केन्द्रीय समिति बैठक बस्दै छ। मंसिरभित्र पार्टीको महाधिवेशन आयोजना गर्ने योजना बनाएको छ। सीके राउतको ‘ग्लेमर’ एक चुनावमै गायब भएकोमा जानकार अस्वाभाविक मान्दैनन्। सीकेले २०७९ को सीमित सफलतापछि जेजस्ता काम गरे, त्यसबाट पार्टीमा चरम असन्तुष्टि सिर्जना भएको थियो। निर्वाचन परिणममा त्यो देखिएको मात्रै हो।

यहाँसम्मकी जनमत पार्टीले मधेशको मुख्यमन्त्री बनाएका सतीशकुमार सिंहले समेत अर्कै पार्टी बनाएर चुनाव लडेका थिए। चुनावअघि नै जनमत पार्टी परित्याग गरी अन्य दलमा जाने लर्को थियो।

पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईको अप्रत्यक्ष संलग्नता रहेको प्रगतिशील लोकतान्त्रिक पार्टी आन्तरिक विग्रह, कलह र अस्तित्व संकटको सामना गरिरहेको छ। प्रलोपाले गत निर्वाचनमा अपेक्षाकृत थोरै २४ हजार ६७६ मत मात्र प्राप्त गरेको थियो। १६ औं दल बनेको थियो। त्यो पनि गोरखाको साटो जनार्दन शर्माको प्रवेशपछि रुकुम पश्चिमको मतको ठूलो योगदान थियो।

यसका ५ अध्यक्ष परिषद् सदस्यमध्ये सुदन किराती श्रम संस्कृति पार्टी प्रवेश गरे। दुर्गा सोब राजीनामा गरेर निष्क्रिय भइन्। अन्य दुई सदस्य पनि निष्क्रियजस्तै छन्। सन्तोष परियारले एकल अध्यक्षका रूपमा पार्टी चलाइरहका छन्। तर, भट्टराई र जनार्दन शर्मा खेमाबीच विवाद चर्किएको छ। अध्यक्ष परियार शर्मा खेमासँग नजिक छन्। भट्टराई खेमा पार्टी छोड्ने मनस्थितिमा पुगेको बताइन्छ।

जेठ १६-१७ गते बसेको सचिवालयको विस्तारित बैठकले भट्टराईका कतिपय अभिव्यक्तिप्रति औपचारिक रुपमै खेद प्रस्ताव पारित गरेको थियो। बैठकपछि जारी विज्ञप्तिमा भनिएको छ–‘पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले आफू सांगठनिक कार्यहरूमा सहभागी नहुने स्वऐच्छिक जानकारी गराएपश्चात् पार्टीले ससम्मान आगामी यात्रा सफलताको शुभकामना दिँदै विदाइ गरेको थियो। तर, आफू संलग्न नरहेको पार्टीको नेतृत्वमाथि अराजनीतिक एवं स्तरहीन टिप्पणीप्रति पार्टी दुःखका साथ खेद प्रस्ताव पारित गर्दछ।’

बैठकले असोजमा महाधिवेशन गर्ने निर्णय गरेको छ।

सन्तोष परियारले बोलाएको विस्तारित सचिवालय बैठक नै अवैधानिक भएको भन्दै सोनाम सिंह स्याङतानसहित ७ जनाले भिन्नै विज्ञप्ति निकालेका थिए। प्रलोपाका एक केन्द्रीय सदस्य भन्छन्– ‘यो पार्टी चौतारी जस्तो हो। धेरै दिन रहँदैन होला। सुदन किराती समूह हर्क साम्पाङको पार्टीमा गइसक्यो। उचित समयमा सबैले आफूलाई सहज हुने पार्टी रोज्लान्।’

गत निर्वाचनमा १० हजारभन्दा बढी मत ल्याएर थ्रेसहोल्डभन्दा बाहिरै रहेका दल १७ वटा थिए। १० हजारभन्दा कम मत प्राप्त गर्ने दल ३९ वटा थिए।

पछिल्लो राजनीतिक लहर, मतदान प्रवृत्तिले ठूला, स्थापित र ऐतिहासिक दलहरूलाई समेत अस्तित्व रक्षा गर्न गाह्रो परिरहेको छ। यस्तो बेला यति धेरै साना दलहरू क्रियाशील भइरहने अपेक्षा गर्न सकिँदैन।

तर, यी दलको ध्रुवीकरण कसरी हुन्छ, त्यसले समेत आगामी राजनीतिको दिशा निर्धारण गर्न मद्दत गर्नेछ। (-नेपाल भ्युज

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय

**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनी दर्ता खारेजी गरिएको सूचना**

यस कार्यालयमा मिति २०६५।०८।०४ मा दर्ता भएको प्रा.लि.नं. **५७७२४** भएको शुभप्रभात इङ्गलिस बोर्डिङ्ग स्कूल (प्रा.ली.) नामको कम्पनी यस कार्यालयको मिति २०८३।०२।२१ निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय

**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२/०२/२५**

यस कम्पनीको सम्पन्न विशेष साधरण सभाको निर्णय बमोजीम तथा कम्पनी रजिष्टारको कार्यालयबाट समेत स्वीकृती प्राप्त भई साविक कम्पनी रिना पोलिक्लिनिक प्रा.लि.(प्रा.लि.न. १२७७१९) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण, धन, कर दायित्व आदि परिवर्तित नामको रिना हेल्थ केयर प्रा.लि ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सुचनाद्धारा जानकारी गराइन्छ।

# बजेट कार्यान्वयनमा मधेश प्रदेश निकै सुस्त, , मन्त्रालयको संख्या घटाउने प्रक्रिया सुरु

खबर दर्पण समाचारदाता
**जेष्ठ २४ गते, बर्दिवास**

चालु आर्थिक वर्ष २०८२/८३ को अन्त्यतिर आइपुग्दा पनि मधेश प्रदेश सरकारले बजेट कार्यान्वयनमा उल्लेख्य प्रगति गर्न सकेको छैन। आर्थिक वर्ष समाप्त हुन एक महिनाभन्दा कम समय बाँकी छँदा प्रदेश सरकारले विनियोजन गरेको कुल बजेटको १९.४ प्रतिशत मात्रै खर्च गर्न सकेको छ। विकास निर्माणसँग सम्बन्धित पुँजीगत खर्च बढ्न नसक्दा बजेट कार्यान्वयनको प्रभावकारिता माथि गम्भीर प्रश्न उठ्न थालेको छ।

अर्थ मन्त्रालयले सार्वजनिक गरेको वित्तीय विवरणअनुसार चालु आर्थिक वर्षका लागि विनियोजित ४६ अर्ब ९८ करोड ३३ लाख ५१ हजार रुपैयाँमध्ये जेठ २१ गतेसम्म ९ अर्ब ११ करोड ९५ लाख ७५ हजार रुपैयाँ मात्र खर्च भएको छ। मधेश प्रदेशका अर्थमन्त्री युवराज भट्टराईका अनुसार कुल खर्चमध्ये चालुतर्फ ५ अर्ब ३२ करोड ४४ लाख ८४ हजार र पुँजीगततर्फ ३ अर्ब ७९ करोड ५० लाख ९१ हजार रुपैयाँ मात्र खर्च भएको छ।

गएको जेठ १३ गतेसम्म प्रदेश सरकारको कुल खर्च ८ अर्ब ७५ करोड ७६ लाख १४ हजार रुपैयाँ रहेकामा त्यसपछिको आठ दिनमा खर्च ३६ करोड ४२ लाख रुपैयाँले मात्र बढेको देखिन्छ।प्रशासनिक खर्च कटौतीका लागि मन्त्रालय घटाउने प्रक्रिया अघि बढाइयो भौगोलिक रूपमा सानो र आठ जिल्लामा मात्र सीमित मधेश प्रदेशमा प्रशासनिक खर्च घटाउने र मितव्ययिता कायम गर्ने उद्देश्यसहित मन्त्रालयको संख्या कटौती गर्ने प्रक्रिया अघि बढाइएको छ। विगतमा सत्ता गठबन्धन टिकाउन र राजनीतिक भागबन्डा मिलाउन मन्त्रालयको संख्या बढाएर १२ पुऱ्याइएको भन्दै चौतर्फी आलोचना हुँदै आएको थियो।

मन्त्रालय पुनर्संरचनाका लागि अर्थमन्त्री युवराज भट्टराईको संयोजकत्वमा तीन सदस्यीय कार्यदल गठन गरिएको छ। कार्यदलको सदस्यहरूमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयकी सचिव पार्वती शर्मा र ऊर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालयका सचिव होमनाथ पौडेल रहेका छन्। कार्यदललाई हालको मन्त्रालय संरचनाको अध्ययन गरी आवश्यकताअनुसार घटाउने तथा पुनर्संरचनाको खाका तयार गर्ने जिम्मेवारी दिइएको छ।




हाल सञ्चालनमा रहेका १२ वटा मन्त्रालयलाई घटाएर ९ वटामा सीमित गर्ने प्रारम्भिक तयारी छ। मन्त्रालयहरूको संख्या कटौती भएपछि कार्यक्षेत्रको दोहोरोपन हट्ने, सरकारी खर्च घट्ने, सेवा प्रवाह प्रभावकारी हुने र प्रशासनिक कार्य चुस्त हुने सरकारको विश्वास छ। मन्त्रालय घटाउने विषयमा वर्तमान सत्ता गठबन्धन दलहरूबीच सरकार गठन अघि नै सहमति भएको थियो।

# इनारमा निसास्सिएर युवकको मृत्यु : वडा अध्यक्षसहित पाँच जनाविरुद्ध कर्तव्य ज्यान मुद्दामा जाहेरी

धर्वेन्द्रकुमार यादव 'यदुवंशी'
**जेष्ठ २४ गते, बर्दिवास**

महोत्तरीको गौशाला नगर पालिका-१२ पररिया स्थित निर्माणाधीन इनारमा काम गर्ने क्रममा निसास्सिएर एक युवकको मृत्यु भएको घटनामा वडा अध्यक्षसहित पाँच जनाविरुद्ध कर्तव्य ज्यानसम्बन्धी मुद्दामा जाहेरी दर्ता गरिएको छ।


सर्लाहीको ईश्वरपुर नगर पालिका-१३ निवासी चन्द्रप्रकाश महतोले आफ्ना २१ वर्षीय छोरा बसन्त कुमार कुशवाहाको मृत्यु लापरवाहीका कारण भएको आरोप लगाउँदै इलाका प्रहरी कार्यालय गौशालामा जाहेरी दिएका हुन्।

जाहेरीअनुसार निर्माणाधीन इनारभित्र रुखको जरा काट्ने क्रममा प्रयोग गरिएको मेसिनबाट निस्किएको धुवाँका कारण बसन्त कुमार कुशवाहा निसास्सिएर बेहोस भएका थिए। गम्भीर अवस्थामा उनलाई उपचारका लागि तत्काल अस्पताल पुऱ्याइए पनि चिकित्सकले मृत घोषणा गरेका थिए।

पीडित परिवारले गौशाला नगर पालिका-१२ का वडा अध्यक्ष कुशेश्वर सिंह कुशवाहासहित पाँच जनाविरुद्ध कर्तव्य ज्यानसम्बन्धी कसुरमा जाहेरी दिएको छ। परिवारले इनारभित्र काम गर्दा आवश्यक सुरक्षा सतर्कता नअपनाइएको तथा जोखिमबारे जानकारी हुँदाहुँदै पनि श्रमिकलाई काममा लगाइएको कारण घटना भएको आरोप लगाएको छ।

इलाका प्रहरी कार्यालय गौशालाले जाहेरी दर्ता गरी घटनाको अनुसन्धान अघि बढाइएको जनाएको छ।





प्रहरी कार्यालयले भर्ने:-
दर्ता नं.:-
दर्ता मिति:-

श्री इलाका प्रहरी कार्यालय गौशाला, महोत्तरीमा,
पेश गरेको जाहेरी दरखास्त ।

१.जाहेरी दरखास्त वा सुचना दिने व्यक्तिको नाम, थर र ठेगाना:-जिल्ला सर्लाही,ईश्वरपुर नगरपालिका,वडा नं.१३ श्रीनगर पाटटोल बस्ने जितइ महतो कोईरीको छोरा वर्ष ४५को चन्द्र प्रकाश महतो (सम्पर्क नम्बर [illegible])
२.कुन कानून वा मुद्दाबारे दरखास्त वा सुचना गरेको हो:-ज्यान सम्बन्धि कसुर(कर्तव्य ज्यान)।
३.कसुर गर्ने व्यक्तिको नाम, थर र ठेगाना:-
क) जिल्ला महोत्तरी,गौशाला नगरपालिका, वडा नं.१२ पररिया बस्ने रामलखन सिंहको छोरा वर्ष अन्दाजी ५५ को कुशेश्वर सिंह कुशवाहा।
ख) ऐ.ऐ. बस्ने चन्देश्वर प्रसाद सिंहको छोरा वर्ष अन्दाजी ४८ को विशो कुमार सिंह ।
ग) जिल्ला सर्लाही, इश्वरपुर नगरपालिका, वडा नं.१३ श्रीनगर बस्ने शत्रुघ्न चौधरीको छोरा वर्ष अन्दाजी ३५ को सोनेलाल चौधरी ।
घ) ऐ.ऐ. बस्ने बच्चेलाल महतोको छोरा वर्ष अन्दाजी ४५ को रामेश्वर महतो कोईरी ।
ङ) ऐ.ऐ. बस्ने जलेश्वर महतोको छोरा वर्ष अन्दाजी ३९ को सतेन्द्र प्रसाद महतो ।
४.कसुर गर्ने व्यक्तिको बाबु आमाको नाम:- प्रकरण नम्बर ३ बमोजिम ।
५.कसुर गर्ने व्यक्तिको हुलिया र परिचय खुल्ने अन्य विवरण:-।
६.कसुर सम्बन्धि विवरण:-

प्रहरीका अनुसार पोस्टमार्टम प्रतिवेदन, घटनास्थल मुचुल्का, प्रत्यक्षदर्शीको बयान तथा अन्य प्रमाणका आधारमा घटनाबारे विस्तृत अनुसन्धान भइरहेको छ। घटनाका मुख्य आरोपितमध्ये र हेका वडा अध्यक्ष कुशेश्वर सिंह कुशवाहासँग प्रतिक्रिया लिन खोज्दा सम्पर्क हुन नसकेको प्रहरीले जनाएको छ। यस विषयमा उनको आधिकारिक प्रतिक्रिया पनि प्राप्त हुन सकेको छैन।

यस घटनाले स्थानीय तहअन्तर्गत सञ्चालन हुने निर्माण तथा पूर्वाधारसम्बन्धी काममा श्रमिक सुरक्षाको विषय पुनः गम्भीर रूपमा उठाएको छ। पीडित परिवारले दोषीमाथि कानुनी कारबाही तथा उचित क्षतिपूर्तिको माग गरेका छन्।

# स्वच्छ खान पिनमा धियान दिनुपर्ने: सहायक प्रजिअ दहाल




खबर दर्पण समाचारदाता
**जेष्ठ २४ गते, बर्दिवास**

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरधाले प्रभात फेरी कार्यक्रम गरेको छ।

आज जनकपुरधाममा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय धनुषाले आयोजना गरेको सो प्रभात फेरी कार्यक्रम भानुचौक बाट सुरु भई कदम चौक हुँदै जिल्ला प्रसासन कार्यालयमा पुगि सभामा परिनत भएको थियो।

सो अवसरमा धनुषाका सहायक प्रजिअ उमेश दहालले गुणस्तर खाद्य उत्पादन र बिक्री गरि स्वच्छ खान पिनमा धियान दिनुपर्ने बताउनुभयो।

साथै उहाँले सरकारले तोकेको मापदण्ड विपरित खाधान उत्पादन गर्नेलाई कानुन बमोजिम कारवाही हुने चेतावनी दिनुभयो।

दुध विकास संस्थान ढलकेबरका प्रमुख दिनेश जिसिले दुध प्रदार्थको गुणस्तर कायम गर्न अनुगमन जरुरी रहेको बताउनुभयो।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरधामका कार्यालय प्रमुख बिमल कुमार दहालको अध्यक्षतामा सम्पन्न भएको सो कार्यक्रममा सरकारी तथा गैर सर कारी संस्थाको प्रमुखहरुले खाद्य स्वच्छताको बारेमा बोल्नु भएको थियो।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको
महोत्तरीको एकमात्र अस्पताल

➤ २४ सैं घण्टा इमर्जेन्सी सेवा
➤ ICU, NICU, PICU सेवा
➤ X-Ray, USG, CT Scan सेवा
➤ Endoscopy/Diode Laser सेवा
➤ Laproscopy सेवा
➤ क्याबिनको समेत व्यवस्था भएको
➤ विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
➤ 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT. LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com/ ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुशा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,